# बेनी नगरपालिकाको कार्यालय
## बेनी , म्याग्दी

### दोस्रो पटक प्रकाशित मिति २०७२।०५।२१

### पटके सवारी कर ठेक्का वन्दोवस्त सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

यस कार्यालयको पटके सवारी कर ठेक्का सिलबन्दी बोलपत्रद्धारा गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त फर्म संस्था आदि बाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैका जानकारीका लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

***तपसिल***

१) बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७०/०७१ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ रु ३००।०० (तीन सय ) दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२) खरिद भएका बोलपत्र सुचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२.०० बजेभित्र शिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २.०० वजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।

४) बोलपत्रसाथ जमानत वापतको बोल कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम नेपाल बैक लि. म्याग्दी स्थित धरौटी खाता नं. ०६३–०३–००००-३१३ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वरावरको यस कार्यालयको नाउमा जारी गरिएको विडवण्ड (Bid Bond) (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नु पर्नेछ।

५) म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपरको कुनै कारवाही हुने छैन।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ। सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ।

७) यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८) बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५० प्रतिशतले हुन आउने रकम अग्रीम बैक दाखिला गर्नुपर्नेछ। दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र बुझाईसक्नुपर्नेछ।

९) आफूले कबोल गरेको रकम एकमुष्ट बुझाउने स्वीकृत बोलपत्र दातालाई १० प्रतिशत रकम प्रोप्साहन स्वरुप छुट दिईनेछ। एकमुष्ट रकम बुझाउन नसक्ने बोलपत्रदाताको हकमा ५० प्रतिशत वापतको रकम ठेक्का अवधिभर मान्य हुने बैक जमानत पेश गर्नुपर्नेछ।

१०) ठेक्का स्वीकृत भएका ठेकोदारले न.पा.ले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।

११) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१२) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन /नियमावली , नगरपरिषद् तथा प्रचलित नियम कानून अनुसार हुनेछ।

पटके सवारी कर विवरण

| ठेक्का नं. | क्षेत्र | न्यूनतम अंक | अक्षरुपी | पटके सवारी करको दर |
|---|---|---|---|---|
| १/०७२/०७३ | नगरपालिका प्रवेश स्थल (वेनी दरवाङ सडक खण्ड वाहेक ) | ५,००,०००।०० | पाच लाख मात्र । | करको दर (२४ घन्टामा एक पटक भन्दा बढी पटक लिन नपाईने गरी )<br>१. निजी तथा भाडाका ट्रक, ठुलो बस प्रति पटक रु ३०<br>२. निजी तथा भाडाका मिनि बस , ट्याक्टर रु २५<br>३. ट्याम्पो ,जिप , ट्याक्सी आदि प्रति पटक रु २० |

(नेत्रप्रसाद पौडेल)
कार्यकारी अधिकृत